नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक ७६ | २०८२ साल कात्तिक १ गते शनिबार (18 Oct 2025 Saturday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको एकमात्र ... ३ पृष्ठमा : देशभर ५५ प्रतिशत कृषक ... ३ पृष्ठमा : आक्रमण जारी राखे ...

# सप्तरीका पाँच गरि देशभरका ४३ स्थानीय तहले अझै ल्याएनन् बजेट

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

चालु आर्थिक वर्षको तीन महिना बित्न लाग्दासमेत सप्तरीका पाँच गरि देशभरका ४३ वटा स्थानीय तहले बजेट प्रस्तुत गरेका छैनन् । देशभरका कुल सात सय ५३ स्थानीय तहले हरेक वर्षको असार १० गते नै वार्षिक बजेट सार्वजनिक गर्ने गरेका छन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार मधेस प्रदेशका कुल एक सय ३६ स्थानीय तहमध्ये एक सय दुई वटा स्थानीय तहले बजेट प्रस्तुत गरेका छन् । सो प्रदेशका ३४ वटा स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गरेका छैनन् ।




मन्त्रालयका अनुसार सप्तरीका डाक्नेश्वरी नगरपालिका, राजविराज नगरपालिका, अग्निसाइर कृष्णासवरन गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, बलान बिहुल गाउँपालिकाले बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

यस्तै सिरहाको कल्याणपुर, धनगढीमाई नगरपालिका, सुखीपुर नगरपालिका, धनुषाको जनकपुर उपमहानगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, नगराइन नगरपालिका, मिथिला नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी गाउँपालिका, हंपसुर नगरपालिका र धनौजी गाउँपालिकाले चालु आवको बजेट सार्वजनिक गरेका छैनन् ।

महोत्तरीको सोनमा गाउँपालिका, मलङ्गवा नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, चन्द्रनगर गाउँपालिका, रामनगर गाउँपालिका, रौतहटको कटहरिया, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, यमुनामाई गाउँपालिकाले बजेट सार्वजनिक गरेका छैनन् ।

यस्तै, बाराको महागढीमाई नगरपालिका, सुवर्ण गाउँपालिका, विश्रामपुर गाउँपालिका, पर्साको पोखरिया, पकाहा मैनपुर गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका र कालिकामाई गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत नगरेको मन्त्रालयको विवरणमा उल्लेख छ । बागमती प्रदेशको धादिङको खनियाबास गाउँपालिकाले बजेट प्रस्तुत गरेको छैन । गण्डकी प्रदेशका सबै स्थानीय तहले बजेट प्रस्तुत गरेका छन् ।

कोशी प्रदेशका एक सय ३७ स्थानीय तहमध्ये एक सय १ सय ३५ वटाले बजेट प्रस्तुत गरेका छन् । सो प्रदेशको इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिको बजेट प्रस्तुत नभएको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

लुम्बिनी प्रदेशअन्तर्गत नवलपरासीको पाल्हीनन्दन गाउँपालिका, रूपन्देहीको कोटहीमाई गाउँपालिका, कपिलवस्तुको शुद्धोधन गाउँपालिका, दाङको तुल्सीपुर उपमहानगरपालिकाले चालु आवको बजेट प्रस्तत नगरेको मन्त्रालयको विवरणमा समावेश छ । कर्णाली प्रदेशअन्तर्गत

*बाँकी तीन पृष्ठमा*

# सञ्चारकर्मीहरू आफै मर्यादित र जिम्मेवार भई पत्रकारिता पेशाको मर्यादा राख्नु पर्छ : वक्ताहरु

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

वर्तमान परिस्थितिमा सञ्चारकर्मीहरू आफै मर्यादित र जिम्मेवार भई पत्रकारिता पेशाको मर्यादा राख्नु पर्ने एक कार्यक्रमका वक्ताहरुले सुझाव दिएका छन् ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले तिहार र छठ पर्वको अवसरमा शुक्रबार आयोजना गरेको शुभकामना आदान प्रदान तथा 'वर्तमान अवस्थामा पत्रकारिता' विषयक अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले सो सुझाव दिएका हुन् ।

वर्तमान परिवेशमा

*बाँकी अन्तिम पृष्ठमा*




# पत्रकारिताको आडमा हुने कुनैपनि अराजक गतिविधि सहनीय नहुने : पत्रकार महासंघ

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असोज ।**

नेपाल पत्रकार महासंघ सप्तरीले पत्रकारिताको आडमा हुने कुनैपनि अराजक गतिविधि सहनीय नहुने स्पष्ट पारेको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिब डम्बर राईद्वारा शुक्रबार जारि विज्ञप्तिमा समग्र पत्रकारितालाई बदनाम गराउने गरि भएको अराजक गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

विज्ञप्तिमा विक्की सिंह र अजय आदित्यले पत्रकारिताको आडमा अराजक गतिविधिको भिडियो सार्वजनिक भएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । विक्की सिंहले आफुलाई पत्रकार भन्दै एक बृद्धलाई रक्ताम्य हुने गरी गरेको कुटपिट तथा १० हजार मागेको भिडियो सामाजिक संजालमा सार्वजनिक भएको थियो ।

यसैगरी आफुलाई पत्रकार भन्ने अजय आदित्यले एक महिलासँग रकम लिइ फिर्ता नगरेको गुनासो सहितको भिडियो सार्वजनिक भएपछी महासंघले विज्ञप्तिमार्फत आफ्नो धारणा सार्वजनिक गरेको छ ।

'यी दुबै घटना पत्रकारताको आचारसंहितामा र सिद्धान्त विपरीतको काम हो' जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "पत्रकारिता गर्ने व्यक्ति यस किसिमको गतिविधिमा कहिल्यै संलग्न भएको छैन ।"

आगामी दिनमा समग्र पत्रकारिताकै बदनाम गराउने यस्ता गतिविधि गर्ने कुचेष्टा नगर्न सचेत गराउँदै विज्ञप्तिमा यस्ता गैर कानुनी हर्कत गर्ने जो कोहिलाई कानून बमोजिम कारबाही गर्न सरोकारबाला निकायको ध्यानाकर्षण गराइएको छ ।

महासंघद्वारा जारी प्रेस विज्ञप्तिमा पत्रकार आचारसंहितामा बमोजिम यो कर्म गर्ने पत्रकारलाई सुरक्षित बाताबरण बनाइदिन सम्पूर्ण जिल्लावासीहरुलाई आग्रह समेत गरिएको छ ।

**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।**

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारबाहीबाट बचौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सरोकारवाला निकाय गम्भिर बन्नु आवश्यक

अहिले चाड पर्वको माहोलसँग सँगै मौसममा पनि परिवर्तन भइरहेको छ । चिसो मौसमको आवागमन हुँदैछ । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ । मौसममा आउने परिवर्तनसँगै रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ । चिसोबाट जोगिन पूर्वतयारी पनि उत्तिकै आवश्यक छ । यसका लागि सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट अहिलेदेखी नै पहल थाल्न जरुरी छ ।

स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरीब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ । चिसोयाम आउनु पूर्व नै यसका दुष्परिणामहरुबाट जोगाउन सरकारी तथा गैरसरकारी स्तरबाट उपाय अबलम्बन गर्न सकिए अवस्थामा सुधार आउन सक्छ ।

तसर्थ समय अगावै चिसोबाट जोगिन आवश्यक उपायका साथै पूर्व तयारी गर्नु अति आवश्यक छ । यसका लागि सरोकार वाला निकायले गम्भिरतापूवर्क चासो लिनुपर्ने आवश्यकता रहेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारको एकमात्र उद्देश्य छ महिनाभित्र निर्वाचन सम्पन्न गर्नु हो : प्रधानमन्त्री कार्की

काठमाडौं, ३१ असोज (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले छ महिनाभित्र निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

परराष्ट्रमन्त्रीको समेत जिम्मेवारी सम्हाल्नुभएकी प्रधानमन्त्री कार्कीले शुक्रबार परराष्ट्र मन्त्रालयमा नेपालस्थित कूटनीतिक निकायका प्रतिनिधिसँगको ‘ब्रिफिङ’मा वर्तमान सरकारको एकमात्र उद्देश्य आगामी फागुन २१ गते स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्नुरहेको बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, “सरकारसहित राज्यका सम्पूर्ण संयन्त्रहरू विश्वसनीय निर्वाचनका लागि आवश्यक सुरक्षा, कानुनी संरचना र व्यवस्थापन सुनिश्चित गर्न केन्द्रित छन् । हामी निर्वाचन आयोगलाई सशक्त पार्दैछौं, सुरक्षालाई सुधार गर्दैछौं र सबै राजनीतिक दल तथा सरोकारवाला, ‘जेनजी’ प्रतिनिधिहरूसहित, संवाद गरिरहेका छौं ।”

उहाँले सरकारको प्राथमिकता आन्तरिक स्थायित्व र लोकतान्त्रिक प्रक्रियाका लागि विश्वसनीय र सुरक्षित वातावरण सुनिश्चित गर्नेतर्फ केन्द्रित रहेको स्पष्ट गर्नुभयो । “बहुदलीय लोकतन्त्र हाम्रो राजनीतिक प्रणालीको आधारशिला हो, लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता नै हाम्रो एकमात्र सही बाटो हो”, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री कार्कीले विदेशमा अस्थायी रूपमा बसोबास गरिरहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न क्रमशः बाह्य मतदान प्रणाली सम्भावनाको पनि अध्ययन भइरहेको जानकारी गराउनुभयो । अघिल्ला निर्वाचनमा जस्तै अन्तरराष्ट्रियस्तरको अवलोकनले यस ऐतिहासिक लोकतान्त्रिक अभ्यासको पारदर्शिता र विश्वसनीयता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्दै उहाँले यस यात्रामा नेपालस्थित कूटनीतिक निकायको निरन्तर सद्भावना र सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले आन्दोलनका क्रममा क्षतिग्रस्त प्रहरी चौकीमध्ये धेरै ठाउँमा स्थानीय आफैँले मर्मत गर्न थालिसकेको तथा हराएका वा चोरी भएका हतियार तथा उपकरण पुनःप्राप्त गर्न पनि तदारुकतासाथ काम भइरहेको जानकारी दिनुभयो । प्रधानमन्त्री कार्कीले ‘जेनजी’ आन्दोलनले सबैलाई सुन्ने, प्रतिक्रिया दिने, सुधार गर्ने र परिणाम दिने सामूहिक जिम्मेवारीको गहिरो ढङ्गबाट बोध गराएको उल्लेख गर्दै यसले सुशासन, आर्थिक अवसर र सार्वजनिक जीवनमा इमानदारीका लागि जनताको आकाङ्क्षालाई झल्काउने बताउनुभयो । यस आन्दोलनले सबैलाई ढिलो नगरी जनअपेक्षाअनुसार परिणाम दिन प्रेरित गरेको उहाँको भनाइ थियो ।

वर्तमान सरकार गठन भएको करिब एक महिनाको यसअवधिमा राज्यसंयन्त्रभित्रका भ्रष्टाचार, कुशासन र चुनौती मात्र होइन, सुधारको विशाल सम्भावनासमेत पत्ता लगाएको उल्लेख गर्दै उहाँले यो नै विश्वास पुनःस्थापना गर्ने, संस्थाहरू सुदृढ पार्ने र शासन व्यवस्थालाई पारदर्शिता र सेवामुखी दिशातर्फ डोऱ्याउने उपयुक्त क्षण भएको स्पष्ट पार्नुभयो । यो आन्दोलन पारदर्शिता र जवाफदेहिताको मागमा आधारित रहेको उहाँको भनाइ थियो ।

**‘जेनेरेसन-जेड’ बाट निकै ठूलो आशा राख्छु**

“म व्यक्तिगत रूपमा ‘जेनेरेसन-जेड’ बाट निकै ठूलो आशा राख्छु, जसको ऊर्जा र राजनीतिक सचेतनाले हाम्रो राजनीतिक परिवेशमा नयाँ युगको सुरुआत गराएको छ”, प्रधानमन्त्री कार्कीले भन्नुभयो, “म उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सकारात्मक रूपमा सहभागी हुन आह्वान गर्दछु, किनकी नेपालको भविष्य साँच्चिकै उनीहरूमै निहित छ ।” उहाँले राजनीतिक दलहरूले पनि यस नयाँ पुस्तासँग सकारात्मक र रचनात्मक रूपमा सहकार्य गर्ने अपेक्षा गर्नुभयो ।

आफू नेतृत्वको सरकार जनताको इमानदारी र कानुनको शासनप्रतिको प्रबल मागको प्रतीक भएको उल्लेख गर्दै उहाँले देशको शासन प्रणालीमा उच्चतम मापदण्ड स्थापित गर्ने दृढ सङ्कल्पमा रहेको यसले सरकार पारदर्शी, उत्तरदायी र सही ढङ्गले काम गर्न सक्छ भन्ने देखाउने बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले हालैको जेनजी आन्दोलनका क्रममा भएको हिंसाका कारण र तथ्यहरू पत्ता लगाउन स्पष्ट अधिकारसहितको न्यायिक छानबिन आयोग गठन गरिएको जानकारी गराउँदै उच्चस्तरीय भ्रष्टाचारका आरोपमाथि विश्वसनीय र निष्पक्ष छानबिनसमेत आरम्भ गर्न लागेको बताउनुभयो । यसले कुनै पनि व्यक्ति कानुनभन्दा माथि नभएको स्पष्ट सन्देश दिने उहाँको भनाइ थियो ।

सेवाप्रवाह र जनउत्तरदायित्व सुधारका लागि ‘हेलो सरकार’ प्रणालीलाई नयाँ ऊर्जासहित पुनर्जीवित गरिएको अवगत गराउँदै प्रधानमन्त्री कार्कीले सार्वजनिक कोषको दुरुपयोग रोक्न र पारदर्शिता बढाउन बजेट संशोधन गरिएको, साथै पुराना भ्रष्टाचारका मुद्दाहरू पुनःसक्रिय गरी कारबाही प्रक्रिया अगाडि बढाइएको बताउनुभयो ।

निजी क्षेत्रलाई आर्थिक वृद्धि र रोजगारी सिर्जनाको प्रमुख इञ्जिनका रूपमा पहिचान गर्दै त्यसलाई सुदृढ पार्न नीति सुधारका शृङ्खलाबद्ध कदम चालिएको उहाँले जानकारी गराउनुभयो । “यी कदम केवल सुरुआत हुन् । आर्थिक र राजनीतिक सुधार केवल जेनजीको माग होइनन्, यी त प्रत्येक नेपाली नागरिकको साझा आकाङ्क्षा हुन्”, प्रधानमन्त्री कार्कीले भन्नुभयो ।

नेपालको परराष्ट्र नीति संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशिलको सिद्धान्त, अन्तरराष्ट्रिय कानुन र विश्व शान्तिका साझा मूल्य र मान्यतामा आधारित रहेको स्पष्ट गर्दै उहाँले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनका लागि सबैभन्दा ठूलो सैनिक योगदानकर्ता देश नेपाल भएकामा गर्वको विषय भएको बताउनुभयो । यो विश्व शान्तिप्रति नेपालको सानो तर अर्थपूर्ण योगदान भएको उहाँको भनाइ थियो । आगामी निर्वाचन तयारीसँगै तत्कालीन आर्थिक पुनःस्थापनाको व्यवस्थापन पनि गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

“व्यावसायिक विश्वास पुनःस्थापना गर्न, पूर्वाधार क्षतिको समाधान गर्न र नयाँ सरकार गठन नभएसम्म अत्यावश्यक सार्वजनिक सेवा सञ्चालनमा राख्नका लागि अन्तरराष्ट्रिय सहयोगको हामी उच्च मूल्याङ्कन गर्छौं”, उहाँले भन्नुभयो ।

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण र पुनःस्थापना अत्यावश्यक रहेको तथा यसका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरिएको उहाँले बताउनुभयो । हालैको भीषण वर्षा, बाढी र पहिरोले जलवायु परिवर्तनप्रतिको नेपालको बढ्दो संवेदनशीलता देखाएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले यी क्षेत्रमा विकास साझेदारको सहयोगको स्वागत गर्नुभयो ।

“पछिल्लो परिस्थिति र त्यसपछिको अन्तरराष्ट्रिय ध्यानले तत्काल आर्थिक दबाब सिर्जना गरेको छ, विशेषगरी केही गन्तव्य देशले कडाइका साथ भिसा नियम लागू गरेपछि विप्रेषण प्रवाहमा असर परेको छ”, उहाँले भन्नुभयो, “हामी यो अवस्थालाई सहज बनाउन र श्रम कूटनीति सुदृढ गरी प्रवासी नेपाली कामदारको जीवननिर्वाह तथा अर्थतन्त्रको स्थायित्व सुनिश्चित गर्न निरन्तर कूटनीतिक संवाद अघि बढाउँदैछौं ।”

उहाँले नेपाल अब अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने तयारी अवस्थामा रहेको र यो बाटो कठिन भए पनि यसलाई सहज, अपरिवर्तनीय र दिगो बनाउन दृढ प्रतिबद्ध रहेको बताउनुभयो । “नेपालमा अवस्था विस्तारै सामान्यतर्फ फर्किदैछ, जसले नेपाली जनताको अदम्य सहनशीलता र दृढता दर्शाउँछ । हामी तपाईंहरूलाई यो सकारात्मक सन्देश विश्व समुदायमा प्रवाह गर्न सहयोग गर्न अनुरोध गर्दछौं”, प्रधानमन्त्री कार्कीले भन्नुभयो ।

# परम्परागत ‘हुक्कालोली’ लोप हुँदै

महोत्तरी, ३१ असोज (रासस) ।

महोत्तरीसहित मधेस प्रदेशका अधिकांश क्षेत्रमा परम्परागत रूपमा नचाउँदै आएको बाँसको कोया (खपरोइया)बाट निर्मित हुक्कालोली लोप हुँदै गएको छ ।

यस क्षेत्रमा दीपावलीको राति पौराणिक तथा सांस्कृतिक पहिचान बोकेको आगो लगाएर नचाइने हुक्कालोली लोपहुँदै गएकाप्रति बुढापाकाहरूले चिन्ता व्यक्त गरेका छन् । मिथिलाञ्चलभरि लामो परम्परा बोकेको पितृकार्यका निमित्त गरिएको धार्मिक मान्यतालाई मनोरञ्जनका रूपमा प्रयोग गर्न थालेपछि हुक्कालोली प्रथा लोप हुन थालेको जलेश्वर नगरपालिका–८ का पण्डित माधव झाको भनाइ छ ।

पहिले गाउँमा बाँसका ठूला लठ्ठीमा बाँसकै कोया (खपरोइया)माथि कोया राखेर हुक्कालोली बनाउने गरिन्थ्यो भने दीपावलीका राति सो हुक्कालोलीमा आगो लगाएर नचाउने गरिन्थ्यो । अचेल भने यो परम्परागत कार्य लोप हुँदै गएको पिपरा गाउँपालिका निवासी ७० वर्षीय बयोवृद्ध एवं सञ्चारकर्मी बैद्यनाथ चौधरीले बताउनुभयो ।

“पहिले बालकदेखि वृद्धसम्म हुक्कालोली नचाउने गर्दथे, तर हाल यसलाई मनोरञ्जनको रूपमा सहरी र ग्रामीण क्षेत्रमा फाटफुट मनाउने गरेको पाइन्छ । आधुनिकतासँगै यो परम्परा लोप हुने अवस्थामा छ”, मटिहानी नगरपालिका– ८ का उमाशङ्कर साहले भन्नुभयो ।

स्कन्द पुराणमा उल्लेख भएअनुसार मिथिलाञ्चलमा पितृलाई बाटो देखाउन र पितृको आत्मालाई शान्तिका निमित्त लक्ष्मीपूजाको राति हुक्कालोली नचाउने परम्परा रहेको जलेश्वर–५ का संस्कृतिविद् ध्रुव रायले बताउनुभयो । पछिल्लो समय भने मनोरञ्जनका लागि दीपावलीको रात दियोबत्ति बाली कपडाको पोकोमा तारले बेरेर वस्तु (गेनी) लाई मट्टितेलमा भिजाइ आगो बालेर हुक्कालोली खेलिने उहाँले सुनाउनुभयो ।

मिथिलामा हुक्कालोली मनाउने क्रममा लक्ष्मी पूजा गरिसकेपछि मध्यरातमा महिलाले दुःख, दरिद्र हटी सुखशान्ति भित्रियोस्, लक्ष्मी स्थिर भइरहुन् भन्ने उद्देश्यले आँगनबाट नाङ्लो ठटाउँदै प्रवेश गर्ने धार्मिक चलन रहेको छ ।

घरको मूली (विशषगरी पुरुष) ले सनको सन्ठी र खर मिसाएर बनाइएको उक बालेर लक्ष्मी भित्रयाउँछन् । जसलाई उक फेर्नु भनिन्छ । रातको अन्तिम प्रहरमा घरको मूल महिलाले नाङ्लो बजाएर धनकीदेवी लक्ष्मी आह्वान गर्ने चलन पनि छ ।

# देशभर ५५ प्रतिशत कृषक परिवार खाद्य जोखिममा

**कृष्णराज गौतम**

काठमाडौं, ३१ असोज (रासस)।

नेपालमा किसान परिवारको सङ्ख्या करिब ४१ लाख ३० हजार रहेकोमध्ये वर्षैभरि खान नपुग्ने कृषक परिबारको सङ्ख्या करिब ५५ प्रतिशत रहेको पाइएको छ। कृषि क्षेत्रले नेपालको अर्थतन्त्रमा करिब २५ प्रतिशत योगदान गरेको भए पनि यस क्षेत्रमा भूमि तथा श्रमिकको उत्पादकत्व असाध्यै न्यून छ। करिब १० बर्षभन्दा माथिको ५७.३ प्रतिशत जनसङ्ख्या कृषि पेसामा नै संलग्न रहेको पाइएको हो। कृषि गणना २०६८ को तुलनामा कृषि गणना २०७८ मा खेतीयोग्य जमिनको क्षेत्रफलमा करिब एक लाख ४५ हजार हेक्टरले कमी आई १४ लाख २९ हजार हेक्टर कायम हुन आएको छ। कृषियोग्य जमिन बाँझो रहने क्रम पनि पछिल्लो क्रममा बढ्दै गएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव गोविन्द शर्माले बताउनुभयो।

रासायनिक मललगायत कृषि उत्पादन सामग्रीहरूको उपलब्धतामा भएको कमी र अपेक्षाकृत कृषिको व्यवसायीकरण र आधुनिकीकरण हुन नसक्दा कृषि उत्पादन तथा उत्पादकत्वमा अपेक्षाकृत बृद्धि हुन नसक्दा कृषिजन्य उत्पादनको आयात बढ्दो छ भने उत्पादित कृषि वस्तुहरूमा स्वच्छताको मात्रामा घटदै गएको छ। कृषि भूमिको संरक्षण एवं उपलब्ध भूमिस्रोतको समूचित उपयोग गरी कृषि क्षेत्रलाई व्यवसायीकरण र आधुनिकीकरण गर्दै भूमिको उत्पादन र उत्पादकत्व अभिबृद्धी मार्फत नागरिकहरूमा खाद्य सुरक्षाको अनुभूत गराउन प्रमुख चुनौती छ। विश्व भोकमरी सूचकाङ्कमा नेपाल यसबर्ष ७२ औं स्थानमा रहेको छ। गत वर्ष नेपाल ६८औं स्थानमा रहेको कृषि विभागले जनाएको छ।

नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। साथै संविधानको धारा ५१ मा कृषि र भूमिसुधार सम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरू उल्लेख गरिएका छन्। खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षण गर्न खाद्य ऐन २०२३, उपभोक्ता संरक्षण ऐन २०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ कार्यान्वयनमा ल्याइएको छ भने खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली पनि मस्यौदा भइ छलफलको क्रममा रहेको सचिव शर्माले जानकारी दिनुभयो। सन् २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यसहित कृषि विकास रणनीति २०७२ कार्यान्वयनमा ल्याइएको छ। करिब सात वर्ष अगाडि सरकारले नेपालमा खाद्य सम्प्रभूताको विषयलाई प्राथमिकतामा राखेर खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन ल्याएको छ। त्यसमा किसानले कृषियोग्य भूमि, बीउ बिजन र प्रविधि आवश्यकता अनुसार छनोट गर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउने जस्ता विषय समावेश गरिएको छ। खाद्य सम्प्रभूताले कृषि प्रणालीको निर्णायक भूमिकामा उत्पादनकर्ता किसानहरूको अधिकारलाई स्थापित गर्न खोजिएको छ।

दिगो विकास लक्ष्य अन्तर्गत शून्य भोकमरीको नीति नेपालले अनुसरण गरेको छ। साथै विश्व खाद्य कार्यक्रम, सार्क खाद्यान्न बैंक, खाद्य तथा पोषण सुधार आयोजना, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लगायतका कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयनमा ल्याइएको बिभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो। खाद्य तथा पोषण सुरक्षा योजनाका लागि राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय खाद्य परिषद, प्रदेश खाद्य परिषद, स्थानीय खाद्य समन्वय समिति र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडजस्ता संस्थागत व्यवस्थाहरू रहेका छन् भने तीनै तहका सरकारको समन्वयमा खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्।

विश्वव्यापी सहकार्यमा कुपोषण र भोकमरी जस्ता चुनौतीलाई सामना गर्न संयुक्त पहल र ऐक्यवद्धताका लागि विश्वव्यापी रुपमा हरेक बर्षको अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाउने गरिन्छ। नेपालमा पनि २०३८ सालदेखि हरेक बर्ष विश्व खाद्य दिवस मनाउने गरिएको छ। सरकारले यसवर्ष "स्वच्छ खाना र सुखद भविश्यका लागि हातेमालो" भन्ने नारासहित ४५ औं विश्व खाद्य दिवस सम्पन्न गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य तथा कृषि संगठन र कृषि बिभागको समन्वयमा विभिन्न कार्यक्रमको आयोजना गरेको हो।

कृषि विभाग, खाद्य तथा कृषि संगठनलगायतको समन्वय र सहकार्यमा ४५ औं विश्व खाद्य दिवस सम्पन्न गरिएको छ। स्वच्छ खानाको उपलब्धता र समृद्ध भविश्य निर्माणमा संघ, प्रदेश र स्थानीय तहका कृषि क्षेत्रसंग सम्बद्ध सवै सरकारी एवं गैरसरकारी संघसंस्था समेतको समन्वयमा खाद्य तथा पोषण सुरक्षाका सन्दर्भमा जोड दिइएको छ। नेपालमा खाद्य सुरक्षाको स्थिति सुदृढ बनाउन संयुक्त राष्ट्र संघीय निकाहरू, अन्तर्राष्ट्रिय संघ, संस्था एवं विकास साझेदारहरू, क्षेत्रीय संघ, संगठन र स्वदेशी संघसंस्था, कर्मशील किसान तथा कृषि उद्यमी व्यवसायीलगायतको संयुक्त योगदानको अपेक्षा गरिएको छ। शान्तिपूर्ण, दिगो, समृद्ध र खाद्य सुरक्षित भविश्यका लागि विश्वव्यापी सहकार्य गर्ने अभिप्रायले सन् १९७० को दशकमा विश्व परिवेशमा खाद्य सुरक्षाको अवधारणा विकसित भएको पाइन्छ।

अव्यवस्थित शहरीकरण, अनियन्त्रित बसाईंसराई, अव्यवस्थित पूर्वाधार विकासलगायतका कारणले गर्दा कृषि भूमि क्रमशः घट्दै गैरहेको अवस्था छ। औद्योगिक उत्पादनको अनुपातमा कृषि उत्पादनमा दुःख र मुनाफा कम छ। बढ्दो सहरीकरणले कृषि भूमि घटदै जानु, बैदेशिक रोजगारी, परम्परागत खेती प्रणालीका कारण कृषि क्षेत्रमा नकरात्मक प्रभाव परेको छ। जलवायु परिवर्तनका कारण वातावरणीय क्षयीकरण अनि जनसङ्ख्याको आकारमा बृद्धि, घटदो उत्पादनले खाद्य सुरक्षामा चुनौती थपिएको कृषि बिभागका महानिर्देशक सञ्जेलले जानकारी दिनुभयो। विभिन्न समयमा देखिने प्रकोप तथा महामारीले खाद्य अभावको समस्या सिर्जना हुन थालेको छ। विश्व परिवेशमा खाद्य सुरक्षा र खाद्य सम्प्रभूता विषय ठूलो समस्या बनेको छ। कृषि प्रणालीमा श्रमजीवी कृषकहरूको अधिकार स्थापित हुन सकेको छैन।

खाद्य सम्प्रभूता अवधारणा सन् १९९६ डिएफ लाभिया कम्पेन्सिया आन्दोलनले भोकमरी बिनाको भविष्य भन्ने नारा तय गरी विश्व खाद्य सम्मेलन गरेको थियो। त्यसले विश्वव्यापी किसानहरूको उक्त कार्यक्रमले पहिलोपटक खाद्य सुरक्षाको कुरा ल्याएको हो। यस अवधारणाअन्तर्गत कृषि प्रणालीमा स-साना किसानहरूको आर्थिक तथा राजनीतिक संरक्षणका लागि विकसित भएको हो। पर्यावरणीय दिगोपनालाई दसष्टिगत गर्दै खाद्यवस्तुको उत्पादन र मूल्य निर्धारणमा उत्पादनकर्ता किसानको भूमिका महत्वपूर्ण हुने मान्यता राख्दछ। यस अवधारणमा विचौलियाले किसानको श्रमको शोषण हुँदैन।

कृषि क्षेत्रलाई नविनतम सिप, प्रविधी प्रयोगबाट आधुनिकीकरण गर्ने, मल, बीउ, सिँचाइ र जैविक विविधताको प्रयोगमा किसानको पहुँच विस्तार, जनतालाई पर्याप्त, स्वच्छ र उपयुक्त खाद्यान्नको व्यवस्थापन तथा किसानको पहिचानसहितको सम्मान र उनीहरूको योगदानको मूल्याङ्कन, जनताको मागअनुसारको खाद्य आवश्यकता पुरा भएपछि मात्र बिक्री गर्ने, कृषकहरूलाई सक्षम बनाइनेलगायत विषय खाद्य सम्प्रभुताका नीतिगत सिद्धान्त हो। खाद्य सुरक्षाअन्तर्गत आर्थिक, सामाजिक रुपमा मानिसले जुनसुकै क्षेत्रमा क्रियाशील रहे पनि पोषणयुक्त खाद्यको आवश्यकता पर्दछ। खाद्य वस्तु माथिको सुनिश्चित हुनु नै खाद्य सुरक्षा हो। खाद्य अभावमा हुने भोकमारीको सिकार हुनु हुँदैन र उपलब्ध भएका खाद्यवस्तु स्वास्थ्यकर, पोषिलो तथा गुणस्तरीय हुनुपर्छ। खाद्य सुरक्षाको अवधारणा सन १९७० को दशकमा आएको हो। खाद्य सुरक्षाले स्वदेश तथा विदेशबाट जसरी पनि आपूर्ति व्यवस्थापन गरी जनतालाई खाद्य सामग्री पहुँचमा पुऱ्याउनुपर्छ, खाद्य वस्तुको उपलब्धता, पहुँच र उपयोगमा सन्तुलन कायम गर्नुपर्दछ भन्ने प्रत्याभूति खोजेको हुन्छ।

नेपाल कृषि प्रधान देश भएकाले कृषि नै यहाँको जीवन निर्वाहको मूल आधार हो। नेपालको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत हिस्सा कृषि क्षेत्रको योगदान छ। आर्थिक सर्वेक्षणअनुसार कृषि क्षेत्रको वार्षिक बृद्धिदर औसत ३.२ प्रतिशत रहेको छ। धान, मकै, गहुँ, कोदो, फापर, तोरी, दाल यहाँको प्रमुख खाद्यबालीका रुपमा लिइएको छ। विगतमा कृषि वस्तुहरू निर्यात भई वैदेशिक मुद्रा आर्जन गरेकामा पछिल्लो चरणमा आयात हुने अवस्थामा छ। हिमाली र पहाडी भागमा खाद्यान्न उत्पादनले वर्षभर खान नपुग्ने अवस्था छ भने खाद्यान्न उत्पादनको हिसबाले सबैभन्दा असुरक्षित कर्णाली प्रदेश देखिन्छ। समयमा वर्षा हुन नसकेका कारण मधेश प्रदेशमा पनि रोपाइ पुरा हुन नसकेको कृषि तथा पशुपंछी विकास मन्त्रालयले जनाएको छ।

कृषि विभाग र खाद्यका लागि कृषि अभियानले १८ औं अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवसका अवसरमा आयोजित भविष्यमुखी कृषिको मार्गचित्र समेत प्रस्तुत गरिएको छ। त्यसमा सरकारले जलवायु परिवर्तनका असरले वातावरण तथा कृषि क्षेत्रमा देखिएका समस्याको बिकल्पका रुपमा उक्त प्रणाली कार्यान्वयनका लागि तयारी गरेको जनाएको छ। अतिवृष्टी, अनावृष्टि, सुख्खा, खडेरी, डुबान तथा पहिरोका कारण पुराना बालीनाली पहिलेको जति उत्पादन दिन नसकेकाले कृषिमा अनुकूलता ल्याउन जलवायुमैत्री कृषि प्राणालीलाई अंगाल्नुपर्नेमा जोड दिइएको छ। देश तथा किसानको हितको लागि अबको मार्ग भनेको जलवायु परिवर्तन न्यूनीकरण गर्नु, जलवायु परिवर्तनको असरबाट कृषिलाई बचाउनु, बढ्दो जनसङ्ख्यालाई दृष्टिगत गर्दै कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने मन्त्रालयका सहसचिव एवं योजना महाशाखा प्रमुख रामकृष्ण श्रेष्ठले बताउनुभयो। सन् २०३० सम्ममा करिब ६७ करोड मानिसहरू दीर्घकालीन रुपमा कुपोषित हुने अनुमान गरिएको जानकारी दिँदै उहाँले यसले भोकमरी उन्मुलनको दिगो विकास लक्ष्य हासिल गर्ने ठूलो चुनौती रहेको अबस्थालाई संकेत गरेको बताउनुभयो।

खाद्य सुरक्षा प्रणाली रुपान्तरण आवश्यक रहेको बताउँदै खाद्य बालीको उत्पादनमा सुधार गर्न वैज्ञानिक विधिको प्रयोग, जलवायु अनुकूल प्रजातिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ। पर्यावरणीयमैत्री कृषि मार्ग अहिलेको उपयुक्त बिकल्प रहेकाले पुराना वातावरणमैत्री कृषि क्रियाकलापहरूदेखि पछिल्लो विकसित कृषि प्रविधिलाई जोडेर कृषि प्रणालीको विकल्प खोजी गर्न जरुरी छ। खाद्यका लागि कृषि अभियानका संयोजक उद्वव अधिकारीले जलवायु परिवर्तनका असरहरूबाट कृषि क्षेत्रलाई संरक्षण गर्नुपर्ने बताउदै खाद्य सुरक्षा र कृषिको सम्बन्धमा जलवायुमैत्री कृषि प्रणालीले कृषि उत्पादनलाई दिगो रुपमा अगाडि बढाउनुपर्ने बताउनुभयो।

## *सप्तरीका ...*

सल्यानको छत्रेश्वरी गाउँपालिकाले बजेट प्रस्तुत गरेको छैन। सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहले बजेट प्रस्तुत गरेका छन्।

संविधानमा नै हरेक वर्षको जेठ १५ गते अर्थात् गणतन्त्र दिवसको दिन सङ्घीय सरकारको बजेट प्रस्तुत गर्ने व्यवस्था गरेको छ। नेपालको संविधान जारी भएपछि सोहीअनुसार नै बजेट प्रस्तुत हुँदै आएको छ। यस्तै, प्रदेश सरकारले असार १ गते बजेट प्रस्तुत गर्ने गरेका छन्।

तोकिएको समयभन्दा धेरै ढिला भइसक्दा पनि बजेट प्रस्तुत नगरेर स्थानीय तहले जिम्मेवारी पूरा नगरेको भन्दै आलोचना समेत हुने गरेको छ।

मन्त्रालयको पोर्टलमार्फत सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणका आधारमा कुल ९४ दशमलव २९ प्रतिशत तहले बजेट प्रस्तुत गरेको पाइएको छ। यस्तै, पाँच दशमलव ७१ प्रतिशत स्थानीय तहले बजेट प्रस्तुत गरेका छैनन्। अधिकांश स्थानीय तहमा राजनीतिक सहमति हुन नसक्दा बजेट प्रस्तुत हुन नसकेको पाइएको छ।

## विश्व समाचार

### आक्रमण जारी राखे अमेरिकाले हामास विरुद्ध सैन्य कारबाही गर्ने ट्रम्पको चेतावनी

वासिङ्टनडिसी, ३१ असोज (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लडाकु समूह हमासले गाजामा नागरिकलाई लक्षित आक्रमण जारी राखे संयुक्त राज्य अमेरिकाले हमास विरुद्ध सैन्य कारबाही गर्ने बाध्य हुने बताउनु भएको छ। ट्रम्पले सामाजिक सञ्जालमा पोस्ट गर्दै यदि हमासले गाजामा मानवियता विरुद्ध आक्रमण जारी राख्यो भने उनीहरूलाई मार्नु बाहेक कुनै विकल्प नभएको बताउनु भएको हो। हामासले बाँकी मृत बन्धकहरूको खोजी र अमेरिकी मध्यस्थता शान्ति सम्झौताको प्रभावमा ध्यान केन्द्रित गर्दै ट्रम्पले गाजामा चलिरहेको अवस्थालाई सम्बोधन गरेको एक दिन पछि चेतावनी आएको हो। चेतावनी मार्फत उहाँले नागरिक र बन्धकहरू माथि मानवीयता माथि आक्रमण जारी रहेमा बलियो अमेरिकी कारबाहीको समना गर्नु पर्ने कुरामा जोड दिनु भएको छ। शवहरूको खोजी र हस्तान्त्रण गर्ने गम्भीर कार्यको वर्णन गर्दै, ट्रम्पले पत्रकारहरूलाई "यो जटिल प्रक्रिया भएको उल्लेख गर्नु भएको छ। हतियारको सवालमा बोल्दै उहाँले, हमासले आफ्नो हतियारहरूका साथ आत्मसमर्पण गर्नुपर्ने कुरामा जोड दिनु भयो। यदि हमास समूहले यो नियमको पालन गर्न असफल भयो भने निर्णायक अमेरिकी कारबाहीको चेतावनी दिनु भएको छ। अमेरिकाले अर्जेन्टिनाको अर्थतन्त्रलाई स्थिर बनाउन २० अर्ब डलरको आर्थिक सहयोग प्याकेज घोषणा गरेको केही समयपछि ह्वाइट हाउसमा अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेसँग द्विपक्षीय भोजको क्रममा ट्रम्पले यस्तो टिप्पणी गर्नु भएको हो।

### स्वास्थ्य प्रणाली ध्वस्त भएपछि गाजामा अनियन्त्रित रोग फैलिने डब्ल्यूएचओको चेतावनी

कायरो, ३१ असोज (रासस/क्यूएनए)।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले स्वास्थ्य प्रयाली ध्वस्त भए पछि गाजामा रोगको प्रकोप नियन्त्रण बाहिर सर्दै गएको चेतावनी दिएको छ। हाल यस क्षेत्रका ३६ मध्ये १३ वटा अस्पतालहरू मात्र चलिरहेको द्वन्द्व र विनाशको बीचमा आंशिक रूपमा काम गरिरहेका छन्। पत्रकारहरुसँग कुरा गर्दै पूर्वी भूमध्यसागरका लागि डब्ल्यूएचओका क्षेत्रीय निर्देशक डा. हनान बाल्खीले गाजाको स्वास्थ्य प्रणाली ध्वस्त भएको आवश्यक पूर्वाधारको अवशेष मात्र बाँकी रहेको बताउनु भएको छ। गाजामा स्वास्थ्य सस्थाहरु थोरै बाँकी रशहेको बताउदै उहाँले मेनिन्जाइटिस, गुइलेन-बारे सिन्ड्रोम, दस्त र श्वासप्रश्वास सम्बन्धी रोगहरू लगायत सङ्क्रामक रोगहरूको अनियन्त्रित फैलावटको चेतावनी दिनु भएको छ। डब्ल्यूएचओको तथ्याङ्क अनुसार गाजा सहरमा हाल आठवटा स्वास्थ्य केन्द्रहरू मात्र सञ्चालनमा छन भने कर्मचारी अभावको कारण सबै आंशिक रूपमा मात्र सेवा दिई रहेका छन्। डा. बाल्कीले गाजाको स्वास्थ्य क्षेत्रको पुनर्निर्माण गर्न अरबौं डलर र दशकौंको काम लाग्ने कुरामा जोड दिँदै आवागमनमा चलिरहेको प्रतिबन्ध र दुत गतिमा परिवर्तन भइरहेको अवस्थाका कारण क्षतिको मूल्याङ्कन गर्नेसमेत चुनौती रहेको बताउनु भएको छ। सन् २०२३ अक्टोबर-७ देखि, संयुक्त राष्ट्रको तथ्याङ्क अनुसार स्वास्थ्य सुविधाहरूमा ८०० भन्दा बढी आक्रमणहरू रिपोर्ट गरिएको छ। बाल्खीले विगत दुई वर्षमा जन्मेका बच्चाहरूप्रति पनि चिन्ता व्यक्त गर्दै उनीहरुले बाल्यकालका आवश्यक खोपहरूसमेत गुमाएको बताउनु भएको छ। चालु महिनाको सुरुमा विश्व स्वास्थ्य सङ्गठनको एक रिपोर्टले अक्टोबर २०२३ देखि युद्धमा कयौं घाइते तथा अपाङ्गताबाट ग्रस्त रहेको र घाइते भएका मध्ये एक चौथाई बालबालिका रहेको खुलासा गरेको थियो। गाजामा मानसिक स्वास्थ्यको आवश्यकता पनि दोब्बर भन्दा बढी भएको छ, तैपनि हालको सेवाहरूमा निकै कमी आएको एजेन्सीले जनाएको छ। डा. बाल्खीले घाइते व्यक्तिहरूलाई वेस्ट ब्याङ्क वा छिमेकी देशहरूमा उपचारका लागि तत्काल कारबाही गर्न अपील गर्दै इन्धन, खाना, चिकित्सा आपूर्ति र कर्मचारीहरूको पहुँच बढाउन आह्वान गर्नु भयो। गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको सैन्य कारबाही सुरु भएदेखि कम्तिमा ६७ हजार ९६७ जनाको मृत्यु भएको छ।

### हरेक रात ६ करोडभन्दा बढी मानिस भोकै सुत्न बाध्य : संयुक्त राष्ट्र

संयुक्त राष्ट्रसङ्घ, ३१ असोज (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वभर अहिले पनि ६ करोड ७३ लाख मानिस हरेक रात भोकै सुत्न बाध्य भइरहेको बताउनुभएको छ। त्यस्तै, करोडौं मानिसहरू भोलिको खाना पाउने नपाउने अन्योलमा रहेका छन्। अक्टोबर १६ मा मनाइने विश्व खाद्य दिवसको अवसरमा दिइएको सन्देशमा महासचिव गुटेरेसले भन्नुभयो, "८० वर्षअघि संसारका मुलुकहरू भोकमरी अन्त्य गर्न एकजुट भएका थिए र त्यसयता खाद्य सुरक्षामा ठूलो प्रगति भएको छ। तर पछिल्ला सङ्कटहरूले यदि हामीले सावधानी नअपनाएसम्म यी उपलब्धिहरू टिकाउ हुन नसक्ने देखाएको छ।" उहाँले भन्नुभयो,"हालका दशकहरूमा मोटोपनको समस्या, जलवायु परिवर्तन र द्वन्द्वग्रस्त क्षेत्रहरूमा भोकलाई हतियारको रूपमा प्रयोग गर्ने जस्ता नयाँ चुनौतीहरू देखा परेका छन्। यो अत्यन्त लज्जास्पद यथार्थ हो रआज पनि युद्ध र द्वन्द्वको पीडामा परेका मानिसहरूलाई भोकै राखिएको छ, र कतै कतै दुर्भिक्षको स्थिति समेत देखिएको छ।" महासचिवले थप्नुभयो,"भोकमरी अन्त्य गर्न हामीसँग आवश्यक स्रोत सीप र प्रविधि छन्। अब हामीलाई चाहिएको कुरा एकता र सहकार्य हो।" गुटेरेसले विश्व समुदायलाई फेरि एकपटक एकजुट भई यस्तो खाद्य प्रणाली निर्माण गर्न आह्वान गर्नुभयो,जसले मानिसहरूलाई पोषण मात्र प्रदान गरोस्, तर पृथ्वीको रक्षा पनि गरोस्। दोस्रो विश्वयुद्धको विनाशपछि, सन् १९४५ को अक्टोबर १६ मा राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन (एफएओ) स्थापना गरिएको थियो। त्यसैको सम्झनामा सन् १९७९ देखि हरेक वर्ष अक्टोबर १६ लाई विश्व खाद्य दिवसको रूपमा मनाईंदै आएको हो। यस दिवसले सबैका लागि स्वस्थ, विविधतायुक्त, सस्तो र सुरक्षित खाना सुनिश्चित गर्नुपर्ने आवश्यकताबारे चेतना फैलाउने उद्देश्य राख्छ। यता, विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले बुधबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार, खाद्य सहायता बजेटमा भारी कटौतीका कारण एक करोड ३७ लाखभन्दा बढी व्यक्तिहरू गम्भीर भोकमरीको स्थितिमा पुग्न सक्ने चेतावनी दिएको छ। सन् २०२५ मा डब्लुएफपीको बजेट ४० प्रतिशतले घट्ने प्रक्षेपण गरिएको छ, जसअनुसार कार्यक्रमको बजेट ६ अर्ब ४० करोड अमेरिकी डलरमा सीमित हुने अनुमान गरिएको छ।

# जेनजी आन्दोलनको मात्रा र तीव्रता अनुमानभन्दा ठूलो रह्यो : सेना

काठमाडौँ, ३१ असोज (रासस) ।
नेपाली सेनाले विश्वमा परिवेशमा देखिएको आन्दोलनका तुलनामा नेपालको जेनजी आन्दोलन अनुमान गरिएभन्दा तीव्र र व्यापक रहेको निष्कर्ष निकालेको छ । सैनिक मुख्यालय जङ्गी अड्डामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जेनजी आन्दोलनबाट सुरक्षा समस्या बढ्ने आकलन गरिए पनि मात्रा र तीव्रता अनुमान गरिएभन्दा ठूलो रहेको जानकारी दिइयो ।



सेनाको युद्धकार्य महानिर्देशक पवनजङ्ग थापाले जेनजी आन्दोलन विश्वव्यापी तरङ्ग देखिएकामा यहाँ भने अचानक र व्यापक रहेकाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा तथा अमनचयनका लागि सुरक्षाको वस्तुपरक विश्लेषण गरी आवश्यकताको सिद्धान्तका आधारमा अघि बढेको जानकारी दिनुभयो ।

त्यसपछिको परिस्थितिमा सेनाले न्यायपालिका, अन्य सुरक्षा निकाय र राष्ट्र सेवक कर्मचारीको सहयोग र समन्वयमा शान्ति र स्थिरता कायम राख्ने विषयमा सन्तुलित ढङ्गले कार्य गर्दै आएको उहाँले बताउनुभयो । सोही विभागका निर्देशक मनोज थापाले तत्कालीन परिस्थितिमा शान्ति सुरक्षा र अमनचयन कायम गर्न वस्तुगतढङ्गले आवश्यक पहल गरेको स्पष्ट पार्नुभयो ।

आन्दोलनपछि अहिलेको अवस्था र परिणामबाटै सेनाको कस्तो खालको नियत रहेको थियो भन्ने आकलन गर्न सकिने बताउँदै उहाँले स्थिति सामान्यीकरण गर्न गरिएको बहुआयामिक प्रयासलाई वस्तुपरक ढङ्गबाट बुझ्ने र विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो ।

सेनाको बहुआयामिक भूमिका रहेकाले अग्रपङ्क्तिमा रहेर नागरिकको जीवन रक्षा र उद्धारका कार्यमा खटिँदै आएको स्पष्ट पार्दै सहायकरथी थापाले सेनाले शान्तिपूर्ण निकासका लागि सबै पक्षसँग आवश्यक परामर्श गर्नुपर्ने आवश्यकता महसुस गरेर नै विभिन्न समूहसँग छलफल गरेको बताउनुभयो ।

उहाँले देश र जनहितका लागि अरु सबै सुरक्षा फौजसँग हातेमालो गरी काम गरिरहेको पनि जानकारी गराइयो । सञ्चारकर्मीको प्रश्नको जवाफमा सेनाले जेनजी आन्दोलनपछिको विषम परिस्थितिमा चुनावका लागि केही सुरक्षा चुनौती भएपनि क्रमशः शान्ति सुरक्षाको वातावरण बन्दै जाने विश्वास उहाँको थियो । चुनावका लागि सुरक्षासम्बन्धी रणनीतिक योजना तयार गरी क्रमशः कार्यान्वयन गरिँदै लगिने सहायकरथी थापाले स्पष्ट पार्नुभयो ।

सेनाका प्रवक्ता राजाराम बस्नेतले मुलुकको प्रतिरक्षा, विश्वशान्ति, वन्यजन्तु तथा पर्यावरण संरक्षण, पूर्वाधार विकास, ऐतिहासिक धरोहरको संरक्षण तथा आपत्कालीन उद्धारजस्ता कार्यमा सेनाले महत्त्वपूर्ण कार्य गर्दै आएको बताउनुभयो । उहाँले गौरवमय इतिहास, पहिचान, परम्परा तथा संस्कृतिसँग गहिरोसँग जोडिएको सेनाले राष्ट्रको सार्वभौमसत्ता, अखण्डता, स्वाधिनता र एकताको रक्षा गर्दै आएको बताउनुभयो ।

त्यसअवसरमा यस वर्षको मनसुन विपद् व्यवस्थापनका क्षेत्रमा संलग्न सबै सरोकारवाला पक्षसँगको सहकार्य, सहयोग र समन्वयमा प्रभावकारी कार्य भएकाले विगतका तुलनामा जनधनको क्षति न्यून गर्न सकिएको जानकारी दिइयो । मुलुकको सर्वाधिक महत्त्वपूर्ण राष्ट्रिय गौरवका आयोजना काठमाडौँ-तराई मधेस द्रुतमार्गको हालसम्मको समग्र प्रगति करिब ४३ प्रतिशत रहेकाले तोकिएको मिति र बजेटमा आयोजना सम्पन्न गर्ने दृढता व्यक्त गरियो ।

# 'सबै स्थानीय तहमा युवापरिषद् गठन आवश्यक'

भक्तपुर, ३१ असोज (रासस) ।
युवा तथा खेलकुद मन्त्रालयका सचिव डा हरिप्रसाद लम्सालले ७५३ वटै स्थानीय तहमा युवापरिषद् गठन गर्ने अभियान सुरु गर्नुपर्ने बताउनुभएको छ ।

शुक्रबार राष्ट्रिय युवापरिषद् सानोठिमीले युएनएफपिएको साझेदारीमा यहाँ आयोजना गरेको 'नीतिनिर्माण तहदेखि कार्यान्वयन तहसम्म युवा सहभागिता संवाद' कार्यक्रममा उहाँले उक्त अभियान जरुरी भएको बताउनुभयो ।

यसअघि पनि देशभरका सबै पालिकामा युवापरिषद् वा युवाका नाममा कुनै सञ्जाल गठन गर्न सरकारले निर्णय गरे पनि कार्यान्वयनमा कठिनाइ भएको बताउँदै अब युवा यसका लागि अग्रसर हुनुपर्ने बताउनुभयो ।

प्रत्येक पालिकादेखि देशभर रहेको ५० हजार सार्वजनिक सेवा प्रदायक संस्था एवं कार्यालयमा भएको बेथितिको अन्त्य गर्न प्रत्येक पालिकामा युवापरिषद् गठन गर्नु अतिआवश्यक रहेको बताउँदै सार्वजनिक सेवा प्रदायक निकायलाई जवाफदेहिता बनाउनुपर्नेमा जोड दिनभयो । मन्त्रालयले केही दिन अगाडि मात्रै युवा नीति पारित गरेको बताउदै उहाँले शिक्षा, स्वास्थ्यदेखि देशको विकासको मूल प्रवाहमा युवा नेतृत्वलाई अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा राष्ट्रिय युवापरिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले मुलुकको परिवर्तन र अवस्थाको पहिचान गर्दै देशलाई सही दिशामा लगेर देशको नीतिनिर्माण तहको नेतृत्वदेखि देशको मूलधारमा लैजान शुक्रबारको छलफल महत्वपूर्ण भएको बताउनुभयो ।

देशको हरेक निकायमा युवाको सहभागिता बढाउँदै युवाको भावनालाई परिवर्तनसँगै लैजान भएको छलफलबाट निस्किएको उपलब्धि र सुझावलाई समेटेर प्रतिवेदन बनाइ सरकारलाई पेश गर्ने उहाँले बताउनुभयो ।

युएनएफपिएका कार्यक्रम विज्ञ अभिराम रोयले युवाले ल्याएको परिवर्तनमा देश बनाउने रोडम्याप पनि युवाबाटै आउनुपर्ने बताउँदै देशभर युवाको भूमिका र सहभागितालाई राज्यको हरेक क्षेत्रमा पुऱ्याउनु आवश्यक रहेको बताउनुभयो । देशको बदलिँदो अवस्थामा अब देशलाई कता लैजाने भनेर देशभरका युवाको टाक्स फोर्स गठन गरेर राज्यको हरेक तहमा युवाको सहभागिता र नेतृत्व तहमा अगाडि बढाउनुपर्ने बताउनुभयो ।

राष्ट्रिय युवापरिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवा सहभागिता संवाद कार्यक्रमले युवाको भावना, देशप्रतिको भावि लक्ष्यलाई प्रतिबिम्बित गर्दै संवादबाट आएका सुझाव एकीकृत गरी कार्यान्वनका लागि तयार भएको बताउनुभयो । उहाँले संवादबाट तयार भएको प्रारम्भिक 'रोडम्याप'लाई प्रतिवेदनको स्वरुप दिएर सरकारलाई प्रदान गरिने बताउनुभयो ।

उहाँले शुक्रबारको संवादमा युवाबीच दिगो विकासमा युवाको भूमिका, नयाँ पुस्ताको अपेक्षा र राज्यले लिनुपर्ने कदम, युवा मैत्री सुशासन र प्रभावकारी सेवा प्रवाह, उत्तरदायी सामाजिक सञ्जाल तथा सूचना प्रविधि गरी चार विषयमा जेनजी युवापुस्ताले गम्भीर छलफल गरेको बताउनुभयो । विज्ञ डा दिपेश घिमिरेले परिवर्तित अवस्थामा युवाले नीति निर्माणदेखि नेतृत्व तहसम्म पुग्नका लागि खेल्नुपर्ने भूमिकाबारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# प्रतिनिधिसभा विघटनपछि राष्ट्रियसभाले एक्लै काम गर्न सक्दैन : राष्ट्रियसभा सदस्य गौतम

काठमाडौँ, ३१ असोज (रासस) ।
राष्ट्रियसभा सदस्य बामदेव गौतमले संविधानले राष्ट्रियसभालाई एक्लै निर्णय गर्ने अधिकार नदिएकाले प्रतिनिधिसभा विघटनपछिको अवस्थामा राष्ट्रियसभाले स्वतन्त्र रूपमा काम गर्न नसक्ने धारणा राख्नुभएको छ ।

नेपाल एफएम नेटवर्कद्वारा शुक्रबार यहाँ आयोजित 'प्रतिनिधिसभा विघटनपछि उत्पन्न राजनीतिक र संवैधानिक अनिश्चितताबीच राष्ट्रियसभाको भूमिका कस्तो हुन्छ?' विषयक सार्वजनिक सुनुवाइ कार्यक्रममा उहाँले राष्ट्रियसभालाई एक्लै निर्णय गर्ने अधिकार संविधानले नदिएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "संविधानले एक्लै काम गर्ने अधिकार राष्ट्रियसभालाई दिएको छैन । जब सङ्कटकाल घोषणा हुन्छ, तब मात्र राष्ट्रियसभाको विशेष भूमिका रहन्छ । निर्वाचन नभएसम्म हामीले केही गर्न सक्दैनौँ । राष्ट्रियसभाको अधिवेशन भएको अवस्थामा पनि ठूला निर्णय गर्न सकिँदैन । देशले कल्पनानै नगरेको अवस्था सृजना भएको छ ।"

राष्ट्रियसभा सदस्य सुमित्रा बिसीले संविधानले राष्ट्रियसभाको भूमिका स्पष्ट पारे पनि राजनीतिक गतिरोधका कारण सक्रियता देखिन नसकेको बताउनुभयो ।

राष्ट्रियसभा सदस्य विष्णुबहादुर विश्वकर्माले तिहारलगत्तै राष्ट्रपतिबाट संसद् अधिवेशन बोलाउनुपर्नेमा जोड दिँदै भन्नुभयो, "संविधान हुँदाहुँदै राज्यविहीन भएको महसुस गरिनुहुँदैन । यो विशेष परिस्थिति हो, सरकारले तत्काल संसद् अधिवेशन बोलाउनुपर्छ ।"

राष्ट्रियसभा सदस्य कृष्ण अधिकारीले निष्पक्ष निर्वाचन, राजनीतिक दलबीच सहकार्य र राष्ट्रियसभाको सक्रियता अपरिहार्य रहेको उल्लेख गर्दै भन्नुभयो, "राष्ट्रियसभाले सङ्कल्प प्रस्ताव पेस गर्नुपर्छ । संविधान रहुन्जेलसम्म राष्ट्रियसभा जीवित रहन्छ ।"

राष्ट्रियसभाका पूर्वसचिव राजेन्द्र फुँयालले राष्ट्रियसभाको अवधारणा मुलुकलाई जनप्रतिनिधिविहीन हुन नदिने उद्देश्यले आएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रतिनिधिसभा विघटन भएको बेला पनि राष्ट्रियसभाले संवैधानिक अधिकार प्रयोग गर्छ । यसलाई 'कुलिङ अफ पिरियड'को रूपमा लिनुपर्छ ।"

सुनुवाइ कार्यक्रममा सहभागी विज्ञहरूले प्रतिनिधिसभा विघटनपछि सरकारको दिशा स्पष्ट नभएको, संवैधानिक रिक्तता बढ्दो क्रममा रहेको र राजनीतिक स्थायित्वमा प्रश्न उठिरहेको टिप्पणी गर्नुभयो । उहाँहरूले राष्ट्रियसभाले संवैधानिक दायराभित्र रहँदै लोकतान्त्रिक प्रक्रिया जोगाउने र राजनीतिक सहमतिको आधार तयार पार्न भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको थियो ।

# निजी आवास पुनर्निर्माणका २२ अर्ब २४ करोड आवश्यक

काठमाडौँ, ३१ असोज (रासस) ।
विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले निजी आवास पुनर्निर्माण तथा पुनःस्थापनाका लागि रु २२ अर्ब २४ करोड आवश्यकता पर्ने अनुमान गरेको छ ।

समितिको शुक्रबारको बैठकमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख इन्जिनियर दिनेशप्रसाद भट्टराईले ८२ हजार ८०० घर निर्माण तथा पुनःस्थापनाको लागत अनुमान गरिएको जानकारी दिनुभयो ।

बैठकमा विपद् व्यवस्थापन कोषको रकम परिचालन गरी विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भएको थियो ।

भूकम्पबाट क्षतिग्रस्तलाई रु २० अर्ब ८८ करोड, मनसुनबाट क्षतिग्रस्तलाई रु एक अर्ब तीन करोड, प्राविधिक सहयोगका लागि रु २८ करोड र जनशक्ति एकाइका लागि रु पाँच करोड आवश्यकता पर्ने बैठकमा औँल्याइएको छ ।

पुनर्निर्माणको वित्त व्यवस्थापन तथा निजी आवास पुनर्निर्माणका लागि प्राप्त रकममध्येबाट विपद् व्यवस्थापन कोषमा आर्थिक वर्ष २०८१/८२ मा आम्दानी बाँधिएको रु दुई अर्ब ८७ करोड ६४ लाख १४ हजार २५० रहेको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार सो रकम १० हजार ५०० परिवारका लागि छुट्याइएको छ ।

यसैबीच, अर्थ मन्त्रालयले १८ हजार ५०० परिवारका लागि रु पाँच अर्ब उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ । प्राधिकरणका अनुसार ५३ हजार ८०० घरका लागि रु १४ अर्ब ३४ करोड आवश्यक पर्दछ ।

समितिको बैठकले आपत्कालीन कार्य सञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०८२ पारित गरेको छ । यस्तै, विपद् जोखिम हस्तान्तरणका लागि विपद् बिमासम्बन्धी छलफल भएको थियो । बैठकले विपद् बिमासम्बन्धी सम्भाव्यता अध्ययन गरी प्रतिवेदन पेस गर्न प्राधिकरणका सहसचिवको संयोजकत्वमा छ सदस्यीय समिति गठन गर्ने निर्णय गरेको छ ।

सङ्कटग्रस्त क्षेत्र घोषणा भएका इलामका सूर्योदय नगरपालिका, देउमाई नगरपालिका, इलाम नगरपालिका, माङसेबुङ गाउँपालिका र माईजोगमाई गाउँपालिकालाई अतिप्रभावित क्षेत्र, फाकफोकथुम गाउँपालिका, माई नगरपालिका र सन्दकपुर गाउँपालिकालाई मध्यम प्रभावित क्षेत्र तथा चुलाचुली र रोङ गाउँपालिकालाई प्रभावित क्षेत्रका रूपमा मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गरिएको प्राधिकरणका कार्यकारी प्रमुख भट्टराईले बताउनुभयो ।

बैठकमा विपद्बाट प्रभावित परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ संशोधन सम्बन्धमा छलफल भएको थियो । अस्थायी आवास अनुदान प्रक्रियामा लाभग्राहीलाई पहिलो किस्तामा रु २५ हजार उपलब्ध गराउनुपर्ने, अन्तिम किस्तामा रु २५ हजार उपलब्ध गराउनुपर्नेछ । समयसीमा थप गर्ने सन्दर्भमा अस्थायी आवास निर्माण सम्झौतापछि घटना घटेको मितिले ९० दिनभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

कार्यकारी समितिको बैठकले ताप्लेजुङ जिल्ला मैवाखोला गाउँपालिका वडा नं ३ र ४ मा रहेका ओढक, एकवाँसे र ताम्राङ बस्तीका ६५ परिवारलाई सोही गाउँपालिकाको वडा नं ३ को साँघुमा स्थानान्तरण गर्ने निर्णय गरेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा बसेको बैठकमा विभिन्न नौवटा प्रस्तावित निर्णयमा छलफल भएको थियो । बैठकले प्रस्तावित निर्णय पारित गरेको छ ।

"यी निर्णयहरू कार्यान्वयन गर्नका लागि योग्य हुनुपर्छ भन्ने जिम्मेवारीपूर्वक हामीले छलफल गरेर पारित गरेका छौँ । कार्यकारी समितिका यी निर्णयहरूको पूर्ण कार्यान्वयनका लागि सबैले पहल गर्ने छौँ", गृहमन्त्री अर्यालले भन्नुभयो, "यसलाई कसरी अझ प्रभावकारी ढङ्गले सम्बोधन गर्ने भन्नेसम्बन्धमा आगामी दिनमा थप छलफल गर्नेछौँ ।"

### सञ्चारकर्मीहरू...

पत्रकारिता क्षेत्रमा चुनौती थपिँदै गएको र जोखिम पनि बढ्दै गएकोले पत्रकारहरू आफ्नो सुरक्षामा ध्यान दिनु पर्ने वक्ताहरुले सुझाएका छन् ।

पत्रकारितालाई मर्यादित र व्यवस्थित बनाएर व्यावसायिक ढंगले अगाडि बढाउन पत्रकार स्वयं इमान्दार र अनुशासित हुनु पर्ने जोड समेत दिइएको छ ।

हालको अवस्थामा पत्रकारिता पेशा अत्यन्तै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै वक्ताहरुले युट्युबरहरुको गैरजिम्मेवार गतिविधिका कारण पत्रकारिता क्षेत्र बदनाम भइरहेकोले त्यस्ता युट्युबरहरूलाई कानुनी दायरामा ल्याउन जरुरी रहेको वक्ताहरुले जिकिर गरे ।

कार्यक्रममा वक्ताहरूले पत्रकारितामा देखिएका विकृति-विसंगति अन्त्य गर्न तथा सञ्चार क्षेत्रको मर्यादा कायम राख्न सबै सञ्चारकर्मीहरू एकजुट हुनुपर्नेमा जोड दिए ।

नेपाल पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश पत्रकार महासंघका उपाध्यक्ष अम्बिका दाहाल, शाखाका पूर्व अध्यक्षहरु विष्णु कुमार मण्डल, बैजनाथ झा, मुरलीप्रसाद यादव, धिरेन्द्र प्रसाद साह, प्रेस काउन्सिलका पूर्व सदस्यद्वय अनिलकुमार अनल, देवराम यादव, शाखाका उपाध्यक्ष सुधा देव, सल्लाहकार बैधनाथ यादव, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयकुमार लाल कर्ण, प्रेस सेन्टर अध्यक्ष बिन्दु यादव, प्रेस मञ्च अध्यक्ष धर्मपाल राउत, राष्ट्रिय परिषद् सदस्य सतिश दत्तलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

कार्यक्रमको स्वागत मन्तव्य शाखा उपाध्यक्ष रामनारायण विश्वसले गरेका थिए भने सञ्चालन सहसचिव डम्बर राईले गरेका थिए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*